# अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२

प्रस्तावनाः कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि स्वास्थ्य माटो आवश्यक रहेको तर मधेश प्रदेशमा माटोको प्राङ्गारिक पदार्थको मात्रा न्यून हुदै गएकोले रासायनिक मलको निर्भरतालाई कम गर्दै प्राङ्गारिक मलको उपयोग वृद्धि गर्न आवश्यक रहेकोले सोही अवस्थालाई मध्यनजर गर्दै "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय) निर्णयवाट तत्काल लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि स्वीकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यो सञ्चालन विधिको नाम "अनुदानमा प्राङ्गारिक मल वितरण (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" रहेको छ।

(२) यो विधि मन्त्रालयवाट स्वीकृत भएको मितिवाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा, -

(क) "आपूर्तिकर्ता" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई प्राङ्गारिक मल वितरण गर्ने प्राङ्गारिक मल उत्पादक वा वितरक लाई सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(घ) "प्राङ्गारिक मल" भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुवै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा विघटन (डिकम्पोज) गरी पोषक तत्व वृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रासायनिक श्रोतका (सिन्थेटिक केमिकल्स) सामाग्रीहरू नमिसाइकन धुलो, दानादार वा झोलको रुपमा वनाइएको वाली विरुवाको पोषणको लागि प्रयोग गरिने कार्वनयुक्त पदार्थ सम्झनु पर्छ र यसले गड्यौला मल समेतलाई जनाँउछ।

(ङ) "मन्त्रालय" भन्नाले यस प्रदेशको कृषि सम्वन्धि हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) "केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालनः (१) यो कार्यक्रम प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश भर सञ्चालन हुनेछ।

डा. उमेश दाहाल
प्रदेश सचिव

(२) कृषक/कृषक समूह/ कृषि सहकारी/संस्था/कृषि फर्म वा कृषि उद्यमीले अधिकतम ७५ के.जी. प्रति कट्ठाको दरले प्रयोग गर्ने प्राङ्गारिक मलमा मात्र सहुलियत प्राप्त गर्न सक्नेछन्।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएता पनि व्यक्तिको हकमा अधिकतम २.२५ मेट्रिक टन र समुह/सहकारीको हकमा ५० मेट्रिक टन सम्म मात्र प्राङ्गारिक मलमा अनुदान दिन सकिनेछ।

४. **सूचना प्रकाशन तथा आवेदन संकलनः-** (१) केन्द्रले प्राङ्गारिक मल उपयोग गर्न इच्छुक कृषक/ कृषक समूह/ कृषि सहकारी/ संस्था/कृषि फर्म/उद्यमिको लागि अनुसूचि-१ को ढाँचामा कम्तीमा १५ दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन गरी अनुसूचि-२ बमोजिमको आवेदन संकलन गर्नु पर्नेछ।

(२) प्रकाशित सूचना स्थानीय एफ. एम. बाट समेत प्रचार प्रसार गर्नुपर्नेछ र सो को जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनु पर्नेछ। सूचना तथा आवेदनको ढाँचा कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ।

(३) उक्त म्यादभित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त थप म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संकलन भएपनि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि चालु आ.व २०८२/८३ मा केन्द्रवाट स्वीकृत भई संचालन भएका माटो स्वास्थ सुधार कार्यक्रम, व्यवसायिक उखु खेति परियोजना, कृषि विकास कार्यक्रम प्राविधिक मापदण्ड अन्तर्गतका कार्यक्रमहरु लगायत अन्य उपयूक्त कार्यक्रमहरुमा छनौट भएका आवेदकहरूले प्रङ्गारिक मल माँग गरे यस कार्यक्रमबाट आवश्यकता र औचित्यताको आधारमा प्राङ्गारिक मल सोझै उपलब्ध गराउन बाधा पुग्ने छैन।

५. **आवेदन मुल्याङ्कन समितिः** (१) केन्द्रमा पेश भएका आवेदनहरुको मूल्याङ्कन तथा छनौट गरी स्वीकृतिको लागि सिफारीस गर्न देहाय वमोजिमको आवेदन मुल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| (क) केन्द्रको प्रमुख वा प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) प्रतिनिधि, निर्देशनालय | सदस्य |
| (ग) अधिकृत प्रतिनिधी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (घ) प्रतिनिधी, आर्थिक प्रशासन हेर्ने शाखा | सदस्य |
| (ङ) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी | सदस्य-सचिव |

(२) आवेदन मूल्याङ्कन समितिले दुई जनासम्म प्राविधिक/विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) आवेदन मूल्याङ्कन समितिले अनुसूची-१ मा उल्लेखित कागजातहरुको साथै आवश्यक भएमा मूल्याङ्कनका थप आधारहरु आफैले तयार गरी केन्द्र प्रमुखबाट स्वीकृत गराई आवेदनहरु छनौट गरि स्वीकृतीका लागी केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

डा. उमेश दाहाल
प्रदेश सचिव

(४) आवेदन मूल्याङ्कन समितिले सिफारिस गर्नु पूर्व स्वीकृत बजेट तथा दफा-३ बमोजिमको सिमालाई मध्यनजर गर्दै छनौट सूचि तयार गर्नुपर्नेछ ।

६. आपूर्तीकर्ताको छनौट (१) सम्बन्धित केन्द्रले प्राङ्गारिक मल आपूर्तिकर्ता सूचिकृत गर्न अनुसूची-३ बमोजिम कम्तीमा ३० (तीस) दिनको म्याद सहित दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) प्राङ्गारिक मल आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताले प्रकाशित सूचनामा उल्लेखित सम्पूर्ण कागजातहरू संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(३) आपूर्तिकर्ताले आवेदन पेश गर्दा प्राङ्गारिक तथा जिवाणू मल निर्देशिका, २०७८ बमोजिम सूचीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र सो निर्देशिकाले निर्धारण गरेको मापदण्ड तथा गुणस्तर प्रमाणित गर्ने प्रतिवेदन (अधिकतम एक महिना पुरानो) संलग्न गर्नु अनिवार्य हुनेछ।

(४) यस कार्यक्रम अन्तर्गत नेपालभित्र उत्पादन गरिएका प्राङ्गारिक मल मात्र समावेश गरिनेछ।

(५) आवेदन पेश गर्दा आपूर्तिकर्ताले आफ्नो उत्पादन व्राण्डको नाम, प्रति के.जी. मूल्य, कम्पनीका शाखा वा बिक्री केन्द्रहरूको विवरण, र चालु आर्थिक वर्षमा आपूर्ति गर्न सकिने मलको अनुमानित परिमाण स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

(६) छनौट भएका आपूर्तिकर्ता संग सम्झैता गर्नु पुर्व सम्वन्धित केन्द्रले आपूर्ति हुने प्राङ्गारिक मलको नमुना संकलन गरि परिक्षण गराउन सक्नेछ ।

(७) दफा ६ मा उल्लेख भएका प्रकृया अनुरुप आपूर्तिकर्ता छनौट तथा सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

७. भुक्तानी प्रक्रिया: (१) बिल भर्पाइ लगायत कार्यालयले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

८. अनुगमन तथा मूल्याङ्कन: (१) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यकतानुसार मन्त्रालय तथा निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

९. संशोधन गर्न सक्ने: (१) मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा संशोधन गर्न सक्नेछ ।

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची - १

(दफा ४ को उपदफा (१) सगँ सम्बन्धित)

**आवेदन आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ............

कृषि ज्ञान केन्द्र ..................... को चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ बमोजिम मधेश प्रदेशका कृषक/कृषक समूह/कृषि सहकारी/संस्था/ निजी कृषि फर्म तथा कृषि उद्यमीहरूलाई प्राङ्गारिक मल सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायका कागजातहरू संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नुहुन अनुरोध गरिन्छ। साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैनन्।

पेश गर्नुपर्ने कागजातहरूको विवरणः

१. जग्गाधनी पुर्जाको प्रतिलिपी।
२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि।
५. समूह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति।

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## अनुसूची –२
(दफा ४ को उपदफा (१) सगँ सम्बन्धित)

**अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) कार्यक्रमका लागि आवेदकले पेश गर्ने प्रस्ताव फारम**

मितिः..................

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र, ............,

विषयः प्राङ्गारिक मल अनुदानमा पाउँ बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस कृषि ज्ञान केन्दबाट मिति ................ गतेको प्रकाशित सूचना बमोजिम अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) का लागि तपसिल बमोजिमको विवरण सहित आवेदन पेश गरेको गर्दछु ।

| आवेदकको विवरणः | | | | | | |
|---|---|---|---|---|---|---|
| नाम,थरः.................................. | ठेगानाः....................म.न.पा/उ.म.न.पा./न.पा./गा.पा. वडा टोल............ | | | | | |
| सम्पर्क नं............................ | PAN नं ................................................ | | | | | |
| जगगा धनीको नाम | स्थानीय तह | वडा नं. | क्षेत्रफल (कट्ठा,धुर/ वर्ग मिटर) | खेति बालीहरू | आवश्यक प्राङ्गारिक मल परिमाण | कैफियत |
| | | | | | | |

आवेदकको:
हस्ताक्षर ...........................
नाम, थरः
सम्पर्क नं.
संस्थाको छाप

डा. उमेश दाहाल
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## अनुसूची-३
### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
### आपूर्तिकर्ताको सूचना

कृषि ज्ञान केन्द्र ...................... को स्वीकृत वार्षिक कार्ययोजना तथा "अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२" बमोजिम, प्राङ्गारिक मल उत्पादन तथा वितरणमा संलग्न इच्छुक उत्पादक तथा वितरकहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र देहायका कागजातहरू सहित सूचीकृतको लागि निवेदन दिन अनुरोध गरिन्छ। निर्धारित म्यादभित्र पेश नभएका र आवश्यक कागजातसहित पेश नगरेका वा अपूर्ण आवेदनहरू छनौट प्रक्रियामा समावेश नहुने जानकारी समेत गराइन्छ।

आवेदनसंग संलग्न गर्नुपर्ने कागजातहरू:

१. प्रदेश वा स्थानियमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२. संस्था नवीकरण प्रमाणपत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयवाट जारी अद्यावधिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. संस्था सम्वन्धी स्थायी लेखा नम्वर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन।

५. आधिकारिक प्रतिनिधि (Authorized Agent) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

६. प्राङ्गारिक मलको आधिकारिक परीक्षण प्रमाणपत्र (Test Certificate) को प्रमाणित प्रतिलिपि।

७. अनुसूचि-४ बमोजिमको निवेदन

८. .....................................

९. .....................................

नोटः स्थानियतहमा सूचिकरण भएका आपूर्तिकर्ताको हकमा वार्षिक ५०० मे.टन भन्दा बढि प्राङ्गारिक उत्पादन तथा आपूर्ति गर्न पाउनेछैनन् ।

डा. उमेश दाहाल
प्रदेश सचिव

अनुसूची -४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्राङ्गारिक मल आपुर्तिकर्ता सूचीकृतका लागी दिने निवेदनको ढाँचा

मितिः ..................

श्रीमान् प्रमुखज्यू,
कृषि ज्ञान केन्द्र, ............,

विषयः प्राङ्गारिक मल आपुर्तिकर्ताको लागि सूचीकृत गरी पाउँ।

उपरोक्त सम्बन्धमा ..........................................................प्राङ्गारिक मल उत्पादन गरी बिक्री वितरण गर्न इच्छुक भएकोले अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ बमोजिम प्राङ्गारिक मल सूचीकृत गरी दिनु हुन निम्न अनुसारका विवरण तथा आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

(क) विवरण

(१) उत्पादक/आपूर्तिकर्ता व्यक्ति/संस्था/फर्मको नामः
(२) ठेगानाः
(३) फोन नः
(४) मलको व्यापारिक नामः
(५) ........................

(ख) संलग्न कागजातहरु

(६) नागरिकताको वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
(७) वार्षिक उत्पादन क्षमता
(८) मल परीक्षणको नतिजा
(९) कम्पनी/फर्म/संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(१०) ब्राण्ड वा ट्रेड मार्क दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(११) एक महिना भित्रको प्रयोगशालाको विश्लेषण प्रतिवेदन
(१२) पान वा भ्याटको प्रतिलिपि
(१३) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखतः
नाम थरः
पदः

डा. उमेश दाहाल
प्रदेश सचिव